# माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

फोन : ०५६-५०१०२१


प.सं.

च.नं.

मिति २०७७।३।२१

माडी नगरपालिकाको पाँचौ नगर सभाको समापनको अवसरमा जारी गरिएको

**प्रेस विज्ञप्ती**

संघीयताको कार्यान्वयनसँगै तीन तहका सरकार गठनको प्रक्रिया अन्तर्गत स्थानीय सरकार गठन भएको तीन वर्ष वितिसकेको छ । राज्यको पूर्नसंरचनासँगै स्थानीय सरकारलाई नेपालको संविधानले प्रदत्त अधिकारको सिमामा रही माडी नगरपालिकाले आफ्ना पाँचवटा नगर सभा सम्पन्न गरेको छ ।

मूलत: बजेट अधिवेशनको रुपमा मिति २०७७ असार १० गतेबाट सुरु भएको माडी नगरपालिकाको पाँचौ नगरसभा आज असार २१ गतेसम्म तीन वटा बैठक सम्पन्न गरी पाँचौ नगरसभाको समापन भएको छ । नगरसभाको पहिलो बैठकमा नगर प्रमुख ठाकुर प्रसाद ढकालद्वारा आ.व. ०७७/०७८ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा सोही बैठकमा सर्वसम्मतीबाट उक्त नीति तथा कार्यक्रम पारित भएको थियो । सोही बैठकमा नगर उपप्रमुख ताराकुमारी काजी महतोद्वारा आर्थिक वर्ष ०७७/०७८ का लागि माडी नगरपालिकाको समग्र आयव्यय र बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । सोही बैठकमा आर्थिक विधेयक २०७७ र विनियोजन विधियक २०७७ प्रस्तुत भएको थियो । सभाको दोस्रो बैठकमा स्थानीय करका दरहरु समेतको अर्थ सम्बन्धी प्रस्तावहरु कार्यान्वयन गर्नका लागि बनेको आर्थिक विधेयक, २०७७, विनियोजन विधेयक, २०७७ छलफल सहित सभाबाट सर्वसम्मतीले स्वीकृत भएको थियो । उक्त दोस्रो बैठकमा न्यायिक समिती र लेखा समितीका संयोजकले आआफ्नो समितीको प्रतिवेदन पेश गर्नुभएको थियो । मिती २०७७ असार २१ गतेको तेस्रो बैठकमा महिला समन्वय समितीका संयोजक श्री कोपिला सिवाकोटी, नगरस्तरिय यूवा, खेलकुद तथा सांस्कृतिक समितीका संयोजक श्री रामबन्धु पोखरेल र नगरस्तरिय दलित समन्वय समितीका संयोजक श्री डिलबहादुर गायक र सचिव श्री ईन्दिरा बि.क.ले आफ्ना समितीको वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । सोही बैठकबाट न्यायिक समिती, लेखा समिती लगायत उक्त ३ वटा समितीको प्रतिवेदन सभामा सर्वसम्मतीबाट अनुमोदन भएको थियो । साथै नगर कार्यपालिकाको कार्यालयबाट आ.व. ०७६।०७७ मा सम्पादित कार्यहरुको अनुमोदनका लागि प्रमुख प्रशासकीय अधिकृत भीम बहादुर कुँवरले पेश गर्नुभएको प्रस्ताव उपर छलफल भई सर्वसम्मत रुपमा स्वीकृत भएका थिए ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

फोन : ०५६-५०१०२१

प.सं.

च.नं.

मिति ..........................


२०७७ असार १० गतेबाट सुरु भई मिती २०७७ असार २१ गते सम्पन्न भएको माडी नगरपालिकाको पाँचौ नगर सभाको बैठकमा आ.व. ०७७१०७८ का लागि नगर सभा समक्ष प्रस्तुत भएको कुल रु ८८,७०,३८,०००।- को आय व्यय बजेट नगर सभाबाट सर्वसम्मतीका साथ स्वीकृत भएको थियो । यस नगरसभाबाट माडी नगरपालिकामा कार्यरत कर्मचारीहरुमध्ये लगनशिल, अनुशासित र उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीका रुपमा असिष्टेण्ट सबइञ्जिनियर श्री राजेन्द्र अधिकारी, नगर सहजकर्ता श्री राधादेवी अधिकारी र बघौडा अस्पतालमा कार्यरत सिनियर अनमी अधिकृतस्तर छैठौं तहका श्री टिका तिवारी प्रत्यकलाई नगद रु.१०,०००।- र सम्मान पत्र सहित सम्मान गरिएको थियो ।

सभाबाट पारित विधेयकहरुलाई सभा समापन भएको मितीले १५ दिन भित्र नगर प्रमुखबाट प्रमाणिकरण भई स्थानीय राजपत्रमा प्रकाशित भएपछी ऐनको रुपमा लागु हुने व्यवस्था छ । यस अवसरमा पाँचौ नगर सभा सफलतापुर्वक सम्पन्न गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउनु हुने जनप्रतिनिधि, विभिन्न संघसंस्था, कार्यपालिकाका कर्मचारीहरु एवम् आमसञ्चारकर्मी मित्रहरु र सम्पुर्ण नगरवासी दाजुभाई दिदी बहिनीहरु सबैलाई माडी नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

मिती : २०७७१०३१२१

(भीम बहादुर कुँवर)
प्रमुख प्रशासकीय अधिकृत
माडी नगर कार्यपालिकाको कार्यालय,
चितवन

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner